# कर्जन्हा नगरपालिका
## मर्मत संभार कोष संचालन कार्यविधि, २०७७

**प्रस्तावनाः**

भौतिक पुर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासका लागि सडक, सिचाई भवन जस्ता पुर्वाधारहरूले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । सर्वसुलभ, सिंचइ यातायातको पहूँच ग्रामीण क्षेत्रसम्म पुर्‍याउने नगरपालिकाको लक्ष्य पनि हो ।

नगर क्षेत्रमा सडकहरूको ट्याक खन्ने कार्य बढ्दो छ र बनिसकेको सडकमा यातायात सूचारू गर्नका लागि तथा सुरक्षित र भरपर्दो यात्राका लागि सडक मर्मत गर्नु जरूरी हुन्छ । तसर्थ सडक, सिचाई, भवन जस्ता पुर्वाधारको मर्मतलाई व्यवस्थित र दीगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनीय भएकोले,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद– १ (एक)

१. **संक्षिप्त नाम र प्रारंभ :**

क) यो निर्देशिकाको "नाम मर्मत सभार कोष संचालन निर्देशिका "२०७७ रहनेछ ।

ख) यो निर्देशिका तत्काल लागु हुनेछ ।

२. **परिभाषा :**

क) "निर्देशिका" भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७७ लाई बुझाउने छ ।

ख) "नगरपालिका" भन्नाले कर्जन्हा नगरपालिका बुझाउने छ ।

ग) "स्थानीय तह " भन्नाले कर्जन्हा नगरपालिकालाई बुझाउने छ ।

घ) "उपभोक्त समिति" भन्नाले नगरपालिकाको टोलवस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाँउनेछ ।



### परिच्छेद– २ (दुई)

३. **व्यवस्थापन समिति**

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष यवस्थापन समिति रहनेछ :

| | | |
|---|---|---|
| १ | नगर प्रमुख | संयोजक |
| २. | नगर उपप्रमुख | सदस्य |
| ३ | पुर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ४ | वन, वातावरण तथा बिपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ५ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ६ | नगर कार्यपालिकाका सदस्यहरू मध्येबाट १ जना महिला सहित समितिले तोकेको २ जना सदस्य | सदस्य |
| ७ | पूर्वाधार विकास शाखा प्रमुख | सदस्य सचिव |

क) समितिको बैठक कम्तिमा ६ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा प्रमुखको आदेशलेजुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ख) वैठक भत्ता नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

ग) वैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

### परिच्छेद तीन

४. **कोष स्थापना** : मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको जम्मा हुनेछ :

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम

ग) नगरसभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरूबाट प्राप्त हुने रकम।

ङ) नगरपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरूको भुक्तानी रकमको ३% ले हुन आउने रकम ।

च) ऋणबाट प्राप्त हुने रकम ।

छ) अन्य स्थानीय तहबाट मर्मत संभारापतव प्राप्त हुने रकम
ज) विविध

## ५. कोष सञ्चालन

१) कोषको नाममा प्राप्त हुन आएको रकम कर्जन्हा नगरपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।
२) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत लेखा अधिकृत वा आर्थिक प्रशासनशाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।
३) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ ।
४) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद– ४ (चार)

६. **कोषको खर्च प्रणालीः** मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछ :

१) सडक, कल्भर्ट, पूल, ढल आदीको मर्मत सम्भार सम्बन्धी कार्य ।
२) सिचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत सम्बन्धी संम्भार कार्य ।
३) विद्यालयको भौतिक पूर्वाधारत मर्मत सम्बन्धी कार्य ।
४) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरूको मर्मत संभार सम्बन्धी कार्य ।

७. **मर्मत सम्भारको लागि छनौटको मापदण्डः** उपभोक्त समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरूर नगरपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नुपर्नेछ ।

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरू ।
ख) नगर यातायात गरूयोजनामा परेका सडकहरू ।
ग) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा।
घ) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा ।



ङ) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा ।
च) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यकताको आधारमा ।
छ) दुई भन्दा वढि स्थानीय तहलाई जोड्ने सडक, कृषिसडक, ग्रामिण सडक, पुल पुलेसा, कल्भेट, कुलो पैनी,बाँध आदी ।

८. **मर्मत सम्भार कार्य गराउने व्यवस्था :** नगरपालिका भित्र रहेका भौतिक संरचनाहरूको नियमित मर्मत सम्भार, पटके मर्मतसंम्भार, आवधिक मर्मत सम्भार स्थानीय व्यक्तीबाट अधिकतम रूपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । नगरपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भर,आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद–५ (पाँच )

९. **संसोधन वा खारेजी :**

क) मर्मत सम्भार कोष संचालन निदेर्शिका संसोधन वा खारेज गर्नु परेमा नगर कार्यपालिकाबाट हुनेछ ।
ख) यो निर्देशिकामा उल्लेख गरिएका कुराहरूको हकमा यसै निर्देशिका अनुसार र उल्लेख न हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

यस निर्देशिकामा लेखिएका कुराहरू प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाभिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

–ooo–